बैठक नं. ४१

आज मिति २०८१ साल आश्विन १६ गते बुधबार यस कीर्तिपुर नगरपालिकाका का.वा.नगरप्रमुख श्री शुभलक्ष्मी शाक्यज्युको अध्यक्षतामा, नगर कार्यपालिकाको बैठक, नगरपालिकाको सभाकक्षमा देहाय बमोजिमको उपस्थितिमा बसी निम्न बमोजिमका निर्णयहरु गरियो।

| सि.न. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | का.वा. नगर प्रमुख | श्री शुभलक्ष्मी शाक्य (सुनिता) | |
| २ | सदस्य, का.वा.अध्यक्ष वडा नं. १ | श्री सरस्वती पौडेल | |
| ३ | सदस्य, अध्यक्ष वडा नं. २ | ई. रुपेश महर्जन | |
| ४ | सदस्य, अध्यक्ष वडा नं. ३ | श्री सुविन्द्र महर्जन | |
| ५ | सदस्य, का.वा. अध्यक्ष वडा नं. ४ | श्री दिनेश चन्द्र दाहाल | |
| ६ | सदस्य, अध्यक्ष वडा नं. ५ | श्री राजेन्द्र कुमार महर्जन | |
| ७ | सदस्य, अध्यक्ष वडा नं. ६ | श्री खीरमान सिंह बस्नेत (पृथ्वी) | |
| ८ | सदस्य, अध्यक्ष वडा नं. ७ | श्री दिवाकर अधिकारी | |
| ९ | सदस्य, अध्यक्ष वडा नं. ८ | श्री सानु मैया महर्जन | |
| १० | सदस्य, अध्यक्ष वडा नं. ९ | श्री दिनेश श्रेष्ठ | |
| ११ | सदस्य, अध्यक्ष वडा नं. १० | श्री नरेश महर्जन | |
| १२ | सदस्य | श्री जमुना महर्जन | |
| १३ | सदस्य | श्री हरिराम बोगटी | |
| १४ | सदस्य | श्री पवित्रा विष्ट | |
| १५ | सदस्य | श्री विमला थापा (कार्की) | |

| सि.न. | पद | नाम, थर | दस्तखत |
| --- | --- | --- | --- |
| १६ | सदस्य | श्री राजिता गौतम महर्जन | |
| १७ | सदस्य | श्री राज्यलक्ष्मी श्रेष्ठ शाक्य | |
| १८ | सदस्य | श्री सुज़ाता सुनाम | |
| १९ | सदस्य सचिव | श्री माधब प्रसाद ढकाल | |

| आमन्त्रित व्यवस्थापन कर्मचारीहरुः | | | |
| --- | --- | --- | --- |
| सि.न. | पद | नाम, थर | दस्तखत |
| १ | लेखा अधिकृत | श्री प्रविनकुमार शाही | |
| २ | वरिष्ठ ईन्जिनियर सातौं | श्री कृष्ण भोला महर्जन | |
| ३ | वरिष्ठ अधिकृत सातौ | श्री जनक थापा | |
| ४ | वरिष्ठ लेखा अधिकृत | श्री नरेन्द्र महर्जन | |
| ५ | उप प्रमुख सचिवालय | श्री केशब महर्जन | |
| ६ | अ.छैठौं | श्री अकिल अमात्य | |

**प्रस्तावहरु**

१) बिपद् व्यवस्थापन सम्बन्धमा।

२) घ बर्गको ईजाजत सम्बन्धमा।

३) वर्थिङ सेन्टर संचालन सम्बन्धमा।

४) विविध

निर्णय नं. १

मिति २०८१/०६/११ देखि देशव्यापी रुपममा भएको अविरल वर्षाका कारण उत्पन्न भएको विपद्‌बाट देशका विभिन्न स्थानमा मृत्यु भएका मृतकहरूको आत्माको चिरशान्तिको कामना सहित हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै शोक सन्तप्त परिवारजनमा कार्यपालिका बैठक हार्दिक समवेदना प्रकट गर्दछ । विपद्‌बाट यस नगरपालिकाको वडा नं ४, ६ लगायतका विभिन्न स्थानमा पहिरो, डुवान लगायतका कारण ठूलो क्षति पुगेकोले आवश्यकतानुसार तत्काल उद्धार, राहत उपलब्ध गराउने र वडा एवं नगरपालिकावाट तत्काल पुनःनिर्माण, मर्मत सम्भार गर्नुपर्ने संरचना तथा पूर्वाधारको ममर्त सम्भार एवं निर्माण गर्ने र आगामी नगरसभावाट अनुमोदन हुने गरी वडासँग समन्वय गरी आवश्यक बजेट विनियोजित योजनाहरूबाट समेत आवश्यकता र औचित्यतताका आधारमा रकमान्तर गर्न का.वा. नगर प्रमुखलाई अख्तियारी दिने निर्णय गरियो ।

निर्णय नं. २

नगरपालिकाबाट पुनः निर्माण गर्न सक्ने संरचनाहरू नगरपालिकावाट निर्माण गर्ने र ठूलो क्षति भएका पुनः निर्माणका योजनाहरू प्रदेश सरकार तथा सङ्घीय सरकारहरूसँग माग गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

यस नगरकार्यपालिका कार्यालयमा विभिन्न मितिमा "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र माग गरी पेश हुन आएका निवेदकहरु मध्ये "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्वन्धी समितिवाट योग्यता सम्वन्धी कागजातहरु रुजु गरी ईजाजतपत्र दिनका लागि सिफारिस भै आएका निम्न निवेदक/ फर्महरुलाई "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र प्रदान गर्ने निर्णय गरियो ।

| क्र.स | फर्म /कम्पनीको नाम | संचालकको नाम | वडा नं | ठेगाना | कैफियत |
|---|---|---|---|---|---|
| १. | बोलबम ईन्जिनियरिङ कन्स्ट्रक्सन एण्ड सप्लायर्स .प्रा.लि. | श्री पिन्की देवी | ६ | कीर्तिपुर, | |
| २ | विनय एण्ड सिन्ता कन्सट्रक्सन एण्ड सप्लायर्स .प्रा.लि. | श्री भरत मल्लाह | ७ | कीर्तिपुर, पाँङ्गा | |
| ३ | मोर्डन ग्रिन कन्सट्रक्सन | श्री राजेन्द्र गौतम (के.सी.) | ५ | कीर्तिपुर, पाँङ्गा | |
| ४ | ए.बी. स्क्वायार ईन्जिनियरिङ एण्ड कन्सट्रक्सन .प्रा.लि. | श्री बिज्ञान पाण्डे | ५ | कीर्तिपुर | |
| ५ | रोजेन कन्स्ट्रक्सन .प्रा.लि. | श्री कमलराज अधिकारी | ५ | कीर्तिपुर | |
| ६ | ईको एभरेष्ट कन्सट्रक्सन एण्ड सप्लायर्स .प्रा.लि. | श्री गणेश गुरुङ | ७ | कीर्तिपुर | |

| क्र.स | फर्म /कम्पनीको नाम | संचालकको नाम | वडा नं | ठेगाना | कैफियत |
|---|---|---|---|---|---|
| ७ | श्री करुणामय बिल्डर्स.प्रा.लि. | श्री सचिन अवाले र श्री जिबन श्रेष्ठ | १० | कीर्तिपुर | |
| ८ | रोयल दरबार ग्रुप अफ कम्पनी प्रा.लि. | श्री ध्रुवा शाही र श्री धिरेन्द्र कुमार शाही | ४ | कीर्तिपुर | |
| ९ | बधाई कन्सट्रक्सन एण्ड सप्लायर्स .प्रा.लि. | श्री सुभाष श्रेष्ठ | ७ | कीर्तिपुर | |
| १० | दिलवाले कन्सट्रक्सन एण्ड सप्लायर्स .प्रा.लि. | श्री सुभाष श्रेष्ठ | ४ | कीर्तिपुर | |
| ११ | ह्वाईट स्टोन कन्सट्रक्सन एण्ड सप्लायर्स .प्रा.लि. | श्री समिर ठकुरी | ५ | कीर्तिपुर | |
| १२ | प्रसाईना कन्सट्रक्सन एण्ड सप्लायर्स .प्रा.लि. | श्री सुभान सिंह राई र श्री सुरज लिम्बु | १ | कीर्तिपुर | |
| १३ | मष्ट्रा मालिका निर्माण कम्पनी प्रा.लि. | श्री सुरेश कुमार घर्ती | ७ | कीर्तिपुर | |
| १४ | पखेरो ईन्जिनियरिङ कन्सट्रक्सन एण्ड सप्लायर्स कम्पनी प्रा.लि. | श्री अन्जली श्रेष्ठ | ४ | कीर्तिपुर | |
| १५ | करेज कन्सट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | श्री अन्जली श्रेष्ठ | ७ | कीर्तिपुर | |

निर्णय नं. ४

यस नगरपालिका अन्तरगत संचालित विष्णुदेवी अस्पतालको सेवा सुदृढिकरण गर्नुपर्ने आवश्यकता रहेको सन्दर्भमा हाल तत्काले प्रसुती केन्द्र (वर्थिङ सेन्टर) संचालन गर्नको लागि अस्पताल व्यवस्थापन समितिको बैठकबाट पारित भई पेश हुन आएको तपशिल बमोजिमको जनशक्ति र औजार उपकरणहरु व्यवस्थापनका गर्नु पर्ने देखिएकोले प्रस्तावित जनशक्तिको दरबन्दी नगरपालिकाबाट तयारीका क्रममा रहेको संगठन संरचना (O And M) मा समाबेश गर्ने गरि हाललाई करार दरबन्दी स्वीकृत गरी पदपूर्ति गर्ने निणय गरियो ।

तपशिल

- Gynecologist (Ninth level) - 1 (Full time or Part time)
- Pharmacy Assistant (Fifth level)- 1
- Sweeper - 1

निर्णय नं. ५

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत आ.व. २०८१/८२ का लागि स्वीकृत बजेट तथा कार्यक्रम अनुसार छनौट भई बैठकमा पेश हुन आएका वडा तथा नगर स्तरीय योजनाहरु स्वीकृत गरी कार्यान्वयन गर्ने निर्णय गरियो।

निर्णय नं. ६

उद्यम बिकास समितिबाट सिफारिस भई बैठकमा पेश हुन आएको आ.व. २०८१/२०८२ का लागि तपशिल बमोजिमका प्रस्तावित कार्यक्रमहरु स्वीकृत गरि कार्यान्वयन गर्ने निर्णय गरियो ।

तपशिल

क) नयाँ उद्यमी सृजना तर्फ रु ८,६०,०००।(आठलाख साठी हजार)

ख) स्तरोन्नती उपयुक्त प्रविधि हस्तान्तरण रु १,४०,०००। (एकलाख चालिस हजार)

ग) स्तरोन्नती पुनर्ताजगी तालिम कार्यक्रम वा सहयोग रु २,००,०००। (दुईलाख)

निर्णय नं. ७

कीर्तिपुर नगरपालिकाको विधायन समितिबाट पेश हुन आएका बालबालिका सम्बन्धी तपशिल बमोजिमका नीतिं, कार्यविधि, कार्ययोजनाहरू स्वीकृत गर्ने निर्णय गरियो ।

तपशिल

क) कीर्तिपुर नगरपालिका वाल अधिकार समिति गठन तथा कार्य सञ्चालन सम्बन्धी कार्यविधि, २०८१

ख) कीर्तिपुर नगरपालिका वाल बालिका सम्बन्धी नीति, २०८१

ग) कीर्तिपुर नगरपालिका वाल क्लब तथा वाल क्लब सञ्जाल गठन एवं सञ्चालन निर्देशिका, २०८१

घ) कीर्तिपुर नगरपालिका वाल कोष (स्थापना र सञ्चालन) कार्यविधि, २०८१

निर्णय नं. ८

कीर्तिपुर नगरपालिका क्षेत्र भित्र मिति २०८१/०६/११ देखि देशव्यापी रुपममा भएको अविरल वर्षाका कारण विपद्‌बाट घर पूर्णरुपमा क्षति भएका तथा विस्थापित भएका प्रति परिवारलाई रु. १०,०००।- (रु. दश हजार मात्र) राहत स्वरुप रकम उपलब्ध गराउने निर्णय गरियो ।